# तेमाल गाउपालिका

## पाखरीनारयणस्थान, काभ्रेपलाञ्चोक

धार्मीक तथा पर्यटन गुरुयोजना टि ओ आर (टमर्स अफ रेफरेन्स)

# Tems of Reference (TOR)

## Preparation detail Report of (Tourism Master Plan)

आर्थिक वर्ष २०७६/७७

तेमाल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

काभ्रेपलाञ्चोक जिल्लाको, तेमाल गाउपालिका भित्रका धार्मिक, साँस्कृतिक, साहित्यिक, ऐतिहाँसिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, सम्वर्द्धन र विकासको कार्ययोजना तयार गर्नका लागि प्राविधिक सेवा उपलब्ध गराउने कार्य क्षेत्रगत शर्तहरु (टमर्स अफ रेफरेन्स) TOR

## १. पृष्टभुमि

तेमाल गाउपालिका, काभ्रेपलाञ्चोकका विभिन्न स्थानमा रहेका धार्मिक पर्यटन, साहित्यिक पर्यटन, ऐतिहासिक पर्यटन,सांस्कृतिक पर्यटन, प्राकृतिक पर्यटन, कृषि तथा खेल लगायतका अन्य पर्यटन क्षेत्रको विशेष महत्व रहेकोछ । विभिन्न कालखण्डमा हिन्दु तथा बुद्धिष्ट ऋषिमुनि तथा गुरु हरुले तपस्या गरेका स्थानहरुको ऐतिहासिक तथा धार्मिक महत्व छ भने यो गाउपालिकाको धेरै जसो भूभाग स.साना थुम्का तथा पाखाले ओगटेको यि क्षेत्रहरुमा पाखापखेरु, थुम्का थुम्की, बन जंगल, कोसी र खोलानालाहरु यस स्थान बाट अबलोकन गरी भरपुर्ण मनोरन्जन लिन सकिने हिमाली श्रीङखलाका दृष्यहरु प्राकृतिक जैविक बिबिधताले भरिपुर्ण रहेको छ । त्यसै गरी विभिन्न जातजातिहरुको संस्कृतिले तेमाल गाउपालिका क्षेत्रका पोखरी, मठमन्दिर, गुम्बा र प्राकृतिक भू बनोटहरुले गर्दा आकर्षण र पर्यटकीय सम्भावना बढाएको छ । तर यी सम्भावनाहरु हुँदाहँदै पनि स्पष्ट कार्ययोजना, आवश्यक पूर्वाधार, स्थानीय स्तरमा उद्यमशीलता र निजीक्षेत्रको लगानीको अभावले गर्दा ती क्षेत्रहरुमा आशातीत विकास हुन सकेको छैन । हाल यस क्षेत्रकोसमग्र विकासका लागि योजनाबद्ध ढंगले अगाडि बढनु पर्छ र केन्द्रीय तथा स्थानीय स्तरमा उपलब्ध साधन र स्रोतलाई उक्त योजना अनुसार सदुपयोग गरी तेमाल गाउपालिका क्षेत्रभित्र रहेका यस्ता अमुल्य सम्पदाहरुको योजनाबद्ध दिगो विकास मार्फत उत्कृष्ट पर्यटकीयक्षेत्रका रुपमा विकास गर्न सकिन्छ भन्ने विश्वास राजनीतिक दल लगायत सवै सरोकारवाला पक्षको भएकोले तेमाल गाउपालिका, काभ्रेपलाञ्चोकले भौतिक पूर्वाधार सहितको योजना तर्जुमा गर्ने सोंच बनाएको छ । तेमाल गाउपालिका, काभ्रेपलाञ्चोकको मिति २०७६/०९/२५ गतेको गाउ सभावाट निर्णय भए अनुसार परामर्श सेवाको पर्यटन सेवा अन्तर्गत तपशिलका धार्मिक, सांस्कृतिक र प्राकृतिक महत्वका क्षेत्रहरुको रणनीतिक योजना सहितको पूर्वाधार गुरुयोजना तयार पार्न प्राविधिक सेवा उपलब्ध गराउने कार्य क्षेत्रगत शर्तहरु टर्म्स अफ रेफरेन्स TOR तयारगरिएकोछ ।

☐ गुरु योजना निर्माण गर्नु पर्ने पर्यटकीय क्षेत्रहरु

१. तेमाल गाउपालिका क्षेत्रभित्र पर्ने सम्पुर्ण पर्यटकिय स्थानहरु

- तेमाल गा पा
- याङबेल
- सत्यनारायण मन्दिर क्षेत्र
- (Specially for Fun Park ,Sunkosi river view and Snow Mountain View)
- रोसाईबा धार्मीक क्षेत्र
- (Temal View Tower)

तेमाल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

- चुखाबेसि तेमाल केवलकार ।
- ठोक्रे महादेव गुफा ।
- तेमाल पिकनिक क्षेत्र तथा प्याराग्लाइडिङ लामाबगर ।
- रोसी देखि घेलुङपाहरा तथा गुफ धार्मीक स्थल केबलकार
- तामाङ रिति रिवाज, भेषभुसा, सस्कृत सहितको संग्राहालय ।
- शान्ति तथा मनोरन्जन पार्क ।

## २. उद्देश्यः

परामर्श सेवाको मुख्य उद्देश्य तेमाल गाउपालिका, काभ्रेपलाञ्चोकको माथि उल्लेखित धार्मिक, साँस्कृतिक, साहित्यिक,ऐतिहाँसिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, सम्वर्द्धन र विकासको लागि एकिकृत पर्यटन गूरु योजना बनाउने रहेको छ ।

## ३. कार्य क्षेत्रगत शर्तहरुः

१. तोकिएका स्थानहरुको स्थलगत भ्रमण गरी स्थान विशेषको महत्व, उपलब्ध स्रोत साधनको आँकलन तथा मूल्याङ्कन गरी सो स्थानमा के कस्ता भौतिक तथा सामाजिक पूर्वाधारको विकास गर्न सकिन्छ,त्यस्को नक्सा सहितको प्रस्ताव तयार गर्ने ।

२. तोकिएका स्थलहरुको एक आपसको सम्पर्क (लिंकेज) स्थापित गर्न यातायात र संचारको नेटवर्कको खाका तयार गरी नक्शा सहित पेश गर्ने ।

३. तेमाल गाउपालिका, वार्ड न. ५ स्थित रहेको रोसाईबा, नारायणस्थान, घेलुङपहरा धार्मीक पर्यटकिय क्षेत्र र सो वरिपरिको रहेका विभिन्न सामुदायिक बन अन्तर्गत पार्क, पिकनिक स्पोट,धार्मीक स्थल लगायतका संरचनाहरुको नक्शा सहितको विस्तृत योजना तयार गर्ने ।

४. तेमाल गाउपालिका वार्ड न ७ मा रहेको जर्देउडांडा वाड नं ८ को माथिल्लो पालुघाट पिकनिक स्पट र ठोक्रे याङबेल र पाखेरीगाउमा होमस्टे संचालनको विस्तृत योजना तयार गर्ने)

५. तेमाल गा पा का सत्य नाराथण मन्दिर र स्वयम्भु, नमबुद्ध, र बौद क्षेत्र

६. वडा नं २ चुखामा (Specially for Fun Park sunkosi river view and Temal Snow Mountain View)

तेमाल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश, नेपाल २०७३

लक्ष्मण कुईकेल प्रमुख प्रशासकीय अधिकृत

७. घेलुङपहरा धार्मीक क्षेत्र

८. गिम्दी नारयस्थान केवलकार (Yangbel View Tower)

९. चुखाबेसी नारानथान- केवलकार

१०. ठोक्रे महादेव गुफा र नारायणस्थान धार्मीक क्षेत्र

११. जर्देउडांडा चापाखोरी, पालुघाट पिकनिक क्षेत्र तथा प्राकृतिक पर्यटकीय क्षेत्र

१२. रोसाइबा चिल्ड्रेन पार्क

१३. नारयणस्थान जु सहित को पार्क

१४. माथिल्लो याङबेल शान्ति पार्क

### ४. कार्य सम्पादन विधि

१. तेमाल गाउपालिका, काभ्रेको प्रोफाइल, टोपोग्राफिकल नक्शा र संन्दर्भ सामग्रीको (राष्ट्रिय पर्यटन योजना,क्षेत्रीय स्तरका पर्यटन योजना र कार्ययोजनाहरु र कार्यक्रमहरु संकलन र अध्ययन गर्ने ।

२. तोकिएका स्थलहरुको भ्रमण गरी स्थानीय समुदायसँग अन्तरकृया गर्ने ।

३. जिल्ला समन्वय समिति, छिमेकी नगरपालिका, गायपालिका, राजनीतिक दल, गैरसरकारी संघ संस्था, स्थानीयसरोकार समूह र वुद्धिजीविसँग भेटघाट गरी सुझाव संकलन गर्ने ।

४. कुन स्थानमा के कस्ता भौतिक तथा सामाजिक पूर्वाधार उपलब्ध छन् त्यसको नक्शा तथा सूचितयार गर्ने ।

५. उपलब्ध पूर्वाधारको लेखाजोखा गरी के कस्ता पूर्वाधारको विकास गर्नु पर्ने हो, त्यसको प्रस्ताव तयारगर्ने जसमा आवश्यक नक्शा डिजाइन तथा लागत इष्टिमेट समावेश हुनुपर्नेछ ।

६. कार्ययोजनाको खाकामा नगरपालिका र जिल्ला स्तरका सरोकारवाला पक्षसँग बसी छलफल गर्ने र प्राप्त सुझावका आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिई गाउपालिकामा पेश गर्ने ।

३. मुख्य समेट्नु पर्ने बिषयबस्तुहरु

- जैविक बिबिधता
- प्राकृतिक सौन्दर्यता
- ऐतेहासिक महत्वका क्षेत्रहरु
- धार्मिक शक्तिपीठ तथा सास्कृतिक केन्द्रहरु

५

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकीय अधिकृत

- जातीय बिबिधता
- मनोरन्जनात्मक स्थलहरु
- शैक्षिक, अध्ययन अनुसन्धान र सूचना केन्द्र
- सम्बन्धित क्षेत्राको पुर्बधार विकास नक्सांकन ले आउट

**५. परामर्शदाता टोलीमा उपलब्ध हुनुपर्ने जनशक्तिः**

- सहरी ररणनीतिकयोजनाकार
- पर्यटन विज्ञ र प्राकृतिक बिज्ञान बिशेषज्ञ
- इतिहास तथा संस्कृति विद्
- भूगोल शास्त्री
- आर्किटेक्ट
- सिभिल इञ्जिनियर
- ड्राफ्टपर्सन

उपरोक्त प्राविधिक टोलीमा कम्तीमा ३ वर्षको अनुभव प्राप्त व्यक्ति हुनुपर्नेछ ।

**६. समय सीमा**

उक्त कार्यका लागि समय सीमा ४ महिना तोकिएको छ । परामर्श सेवा तोकिएको मितिसम्ममा सम्पन्नगरिसक्नुपर्नेछ ।

**७. प्रतिबेदन पेश गर्ने विधिः**

१. काम शुरु गरेको १५ दिनभित्र आफूले गर्ने काम र कार्य सम्पादन विधि, कार्य तालिका सहितआवश्यक पर्ने कागजात, सूचना जानकारी वा स्थानीय स्तरमा उपलब्ध गराउनु पर्ने सहयोगका बारेमा स्पष्ट उल्लेख भएको प्रारम्भिक प्रतिवेदन (इन्सेप्सन रिपोर्ट) पेश गर्ने ।

२. काम शुरु गरेको २ महिना भित्र मस्यौदा प्रतिबेदनको ३ प्रति पेश गर्ने । मस्यौदा प्रतिवेदनमा नक्शा र सो नक्शालाई व्याख्या गर्ने बुंदाहरु तथा विकास निर्माणका लागि आवश्यक लागत इष्टिमेट समावेश हुनुपर्नेछ ।

३. काम शुरु गरेको ३ महिनाभित्र मस्यौदा प्रतिवेदनमा प्राप्त सुझाव समावेश गरी अन्तिम प्रतिवेदन ३ प्रति पेश गर्नुपर्नेछ ।

**८. कार्ययोजनामा अन्य पर्यटकीय स्थानहरुको लिंकेजको लागिसमावेश गर्नुपर्ने थप स्थलहरुः**

तेमाल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश, २०७३

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकीय अधिकृत

तेमाल गाउपालिका, काभ्रे र आसपासका न.पा.हरु नमोबुद्ध नगरपालिका पाँचखाल नगरपालिका, बनेपा नगरपालिका, , धुलिखेल नगरपालिका र रोसी गाउ पालिका , बेथानचोक गाउपालिका तथा भक्तपुरको भक्तपुर नपा र चागुनारायण न पा भित्र पर्ने

१. पलाञ्चोक भगवती मन्दिर

२. चाँगुनारायण्न मन्दिर

३. World tallest lord shiva's statue at Sanga

४. Dhulikhel Thousands steps route and view tower

५. नमोबुद्ध बौद्धस्थल

६. रोसी खोला र सुनकोसी नदी

७. दोलालघाट क्षेत्र

**९. सेवा सम्वन्धी अन्य कुराहरु:**

क. परामर्शदाता टोलीलाई आवश्यक पर्ने सूचनाहरु तथा सम्भव सम्वन्धित निकायले उपलब्ध गराउने छ र उपलब्ध हुन नसकेको अवस्थामा परामर्शदाताले आफैले खोजी गर्नुपर्ने हुन्छ ।

ख. कार्य सम्पादनका सिलसिलामा स्थानीय निकाय, समुदाय लगायत सवै सरोकारवाला निकाय तथा पक्षसँग अनिवार्य रुपमा छलफल गर्नुपर्नेछ ।

ग. परामर्शदाता टोलीले जिल्लास्तर, स्थानीयस्तरीय नक्शा सहितको (नयाँ पर्यटकीय स्थलहरुलाई के गर्ने र उक्त स्थलहरुको संक्षिप्त विवरण बनाउने आदि) तयार गर्नु पर्नेछ जुन कागज र डिजिटल रुपमा उपलब्ध गराउनु पर्नेछ ।

घ. परामर्शदाता टोलीको कार्यक्षेत्रगत शर्तहरु आवश्यकता अनुसार थपघट हुन सक्नेछ ।

**१०. भौतिक पूर्वाधार लेआउट बाहेक रणनीतिक योजनामा पेश गर्नु पर्ने न्युनतम ढांचा**

क) परिचय

ख) पर्यटकीय क्षेत्रको ऐतिहासिक, धार्मिक तथा जैविक विविधता अवस्था

ग) गूरुयोजनाको औचित्य

घ) गूरुयोजनाको प्रक्रिया

ङ) गूरुयोजनाका तत्वहरु -परिकल्पना

च). पर्यटकीयपरिसरको वर्तमान अवस्था

ङ) सामाजिक आर्थिक अवस्थाको तथ्याङ्क सकंलन

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकीय अधिकृत

- जातजातीको अवस्था
- आर्थिक रुपमा सक्रिय जनसंख्या
- सामाजिक आर्थिक क्रियाकलापमा लैङ्गिक विश्लेषण
- अवकाश विश्लेषण (SWOT Analysis)
- संबन्धितक्षेत्रको पर्यटकीय क्षेत्र विकासको आधार
- नजिकका अन्य पर्यटकीय गन्तव्यहरु
- गूरुयोजनाको मार्गदर्शन

छ) सम्बन्धित क्षेत्रको पर्यापर्यटनका मूल्यमान्यताहरु

ज) पर्यटन विकासको स्वरुप र पद्धती

झ) अधिकारवाला तथा सरोकारवालाहरु

ञ) पर्यटनका विस्तारित क्षेत्र (Scope)

(साइट छनौट

- माटो
- मौसम तथा जलबायु
- भिरालोपना
- आन्ातुकहरुकोपहुँच
- दृश्यवालोकन
- बगैचा
- वनस्पती (स्थानीय, बाह्य विरुवाहरु)
- हाल रहेका विरुवा वनस्पतीहरुको सूचि -Plant Inventory- List

ड्ड साइटको विस्तृत विवरण

ड्ड उद्यान र पिकनिक स्पट र मनोरन्जन स्थलहरु

ड्ड अवधारणा र डिजाइन

ड्ड भौतिक पूर्वाधार र भवन र सिचाई र बाटो र बारबेरा

तेमाल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकीय अधिकृत

ड्ड नसरी र भूसंरक्षण

ड्ड सूचना केन्द्र

ट). वनस्पती उद्यान तथा पर्यटन प्रर्वद्धनका रणनीतिहरु

ड्ड परिकल्पना

ड्ड ध्येय

ड्ड लक्ष्यहरु

ड्ड उदेश्यहरु

ड्ड मूख्य क्रियाकलापहरु

ड्ड अपेक्षित उपलब्धीहरु

ड्ड पर्यटन प्रर्वद्धनको रणनीति

ठ) लक्षित क्रियाकलापहरुको प्राथमिकिकरण

ड). गूरु योजनाको तर्क संगत ढाँचा

ण). अनुसूचीहरु

च) सन्दर्भ सामाग्रीहरु

तेमााल गाउपालिका, काभ्रेपलाञ्चोक

मिति : २०७६/०९/२३

सम्पर्क : ०११ ६९११४९ ईमेल : Temalmun2@gmail.com